बैठक संख्या : १२ | स्थान : रासी नगरपालिका
मिती : २०७९।१०।०६ गते | समय : दिउसो ३:०० बजे

यस रासी नगरपालिकाको प्रमुख श्री शमशेर लामा ज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको बैठक देहाय बमोजिमका पदाधिकारीहरुको उपस्थितीमा बसी निम्न प्रस्तावहरुमा छलफल गरियो ।

**तपसिल**

| दस्तखत | पदाधिकारीको नाम थर | पद |
|---|---|---|
| | श्री शमशेर लामा | प्रमुख |
| | श्री देवेन्द्र लामा | नगर उप-प्रमुख |
| | श्री ~~सिद्दिलाल स्याङतान~~ गेस तमाङ | का.वा. वडा अध्यक्ष वडा नं. १ |
| | श्री श्यामसुन्दर उप्रेती | वडा अध्यक्ष वडा नं. २ |
| | श्री शिवकान्त ओली | वडा अध्यक्ष वडा नं. ३ |
| | श्री केदार प्रसाद आचार्य | वडा अध्यक्ष वडा नं. ४ |
| | श्री सिताराम बल | वडा अध्यक्ष वडा नं. ५ |
| | श्री जल्लु थारु महतो | वडा अध्यक्ष वडा नं. ६ |
| | श्री सुमिता डल्लाकोटी | वडा अध्यक्ष वडा नं. ७ |
| | श्री पुर्ण प्रसाद आचार्य | वडा अध्यक्ष वडा नं. ८ |
| | श्री खड्क बहादुर तमाङ | वडा अध्यक्ष वडा नं. ९ |
| | श्री तेज बहादुर तमाङ | वडा अध्यक्ष वडा नं. १० |

| | | |
|---|---|---|
| | श्री बुद्धिबहादुर तमाङ | वडा अध्यक्ष वडा नं. ११ |
| | श्री अर्जुन प्रजा | वडा अध्यक्ष वडा नं. १२ |
| | श्री अशोक कुमार प्रजा | वडा अध्यक्ष वडा नं. १३ |
| | श्री गोमादेवी धरेल | कार्यपालिका सदस्य |
| | श्री मित्रा कुमारी तितुङ | कार्यपालिका सदस्य |
| | श्री कविता राई | कार्यपालिका सदस्य |
| | श्री रमिता परियार | कार्यपालिका सदस्य |
| | श्री मिना कुमारी अधिकारी | कार्यपालिका सदस्य |
| | श्री आइति देवी दराई | कार्यपालिका सदस्य |
| | श्री रेलबहादुर प्रजा | कार्यपालिका सदस्य |
| | श्री भक्त बहादुर सुनार | कार्यपालिका सदस्य |
| | श्री सुकदेव लम्साल | प्रमुख प्रशासकीय अधिकृत |
| | श्री मुक्ति पौडेल | प्रशासकीय अधिकृत |
| | श्री रमेश चौधरी | कम्प्युटर अपरेटर |
| | | |

बैठक संख्या : १२ मिति : २०७९।१०।०६

निर्णय नं १

प्रस्ताव नं. १ माथि छलफल गर्दा रासी नगरपालिका वडा नं. १ मा संचालन हुन लागेको परेवाकोट महोत्सवको लागि अनुमती प्रदान गर्ने र उक्त महोत्सवको सम्पन्न भए पश्चात प्राप्त हुने बचत रकम सार्वजनिक उपयोगको लागि खर्च हुने सुनिश्चित भए उक्त संस्थालाई पर्यटन प्रर्वधन शिर्षकबाट रु.३०००००। प्रदान गर्ने निर्णय गरियो

निर्णय नं २

प्रस्ताव नं. २ माथि छलफल गर्दा यस नगरपालिकामा तामाङ जातिहरुको बाहुल्यता रहेकोले तामाङ जातिले मनाउने ल्होसार पर्वका उपलक्ष्यमा यही मिति २०७९।१०।०९ गतेका दिन यस रासी नगरपालिका क्षेत्रमा रहेका सम्पूर्ण सरकारी कार्यालयहरुमा सार्वजनिक विदा दिने निर्णय गरियो ।

निर्णय नं ३

प्रस्ताव नं ३ माथि छलफल गर्दा शिक्षा शाखामा कार्यरत कर्मचारी श्री सोमनाथ तिवारी यस कार्यालयमा काजमा खटि आउनु भएको र निज कार्यरत विद्यालयबाट काज फिर्ता गरिदिन भनि अनुरोध भई आएकोले निजलाई काज फिर्ता पठाउने निर्णय गरियो ।

निर्णय नं ४

प्रस्ताव नं ४ माथि छलफल गर्दा एघारौ नगरसभाबाट निर्णय भएको समुदायमा आधारित होमस्टे कार्यक्रमबाट होमस्टे संचालन गर्न सम्भावित क्षेत्रहरु मध्ये यस पटकका लागि रासी नगरपालिका वडा न ६ को फुलौरियमा होमस्टे निर्माण गर्ने निर्णय गरियो ।

निर्णय नं ५

प्रस्ताव नं ५ माथि छलफल गर्दा यस नगरपालिकाको वडा नं. १ र ९ बाट अवैध रुपमा निकासीको लागि थुपारिएको ढुङ्गा नगरपालिकाको नियन्त्रणमा लिएको र उक्त ढुङ्गा ढुवानी गर्दा भएको भाडा प्रतिटिप टिप्पर रु. ६०००। नियमानुसार कर कटाई भुक्तानी गर्ने र सो ढुङ्गा प्रदेश सरकारले तोकिएको नियमानुसारको कर दस्तुरमा बढी मुल्य कबोल गर्ने व्यक्ति वा संस्थालाई विक्री गर्ने निर्णय गरियो ।

बैठक संख्या : १२ मिति : २०७९।१०।०६

निर्णय नं ६

प्रस्ताव नं ६ माथि छलफल गर्दा रासी नगरपालिका विगतमा स्वास्थ्य स्वयमसेवकालाई ६० वर्ष उमेर पुरा भएपछि १ लाख नगद सहित सम्मानजनक तवरले विदाई गरेकोमा वडा नं. ३ को स्वास्थ्य स्वयम सेविका श्री रिता कुमारी राई विगत २०४५ साल देखि सेवा गर्दै आएकोमा निजको असमाहिक निधन भएकोले निजको परिवारलाई समेत नगद रु.१ लाख सम्मान सहित दिने निर्णय गरियो ।

निर्णय नं. ७

प्रस्ताव नं. ७ माथि छलफल गर्दा रासी नगरपालिकामा संचालनमा रहेको रासी नगर कप फुटबल प्रतियोगिताको लागि सहयोगको माग भइ आएको र यस अघि पनि नगर स्तरिय फुटफल प्रतियोगितामा दोस्रो पुरस्कार दिइदै आएकोमा हालको अवस्थालाई मध्य नजर गरि नियमानुसार आर्थिक सहयोग प्रदान गर्ने निर्णय गरियो ।

निर्णय नं. ८

प्रस्ताव नं. ८ माथि छलफल गर्दा रासी नगरपालिकाका अन्य सम्पूर्ण वडाहरुमा स्वास्थ्य चौकी निर्माण भइसकेको र वडा नं. ४ मा मात्र स्वास्थ्य चौकी निर्माण हुन बाँकी रहेको र नगरपालिकाको कार्यपालिका बैठकले स्वास्थ्य चौकीसँगै रासी आँखा अस्पताल पनि निर्माण गर्ने निर्णय गरेको र सो कार्यको लागि डि पि आर पनि गरि सकिएकोले सो प्रतिवेदन बमोजिम रु २ करोड ४० लाख ३५ हजार १ सय ४० विशेष अनुदान माग गर्ने निर्णय गरियो ।

निर्णय नं. ९

प्रस्ताव नं. ९ माथि छलफल गर्दा रासी नगरपालिका अन्तर्गत तपसिलको योजना संचालन गर्न अति आवश्यक भएकोले उक्त योजना संचालन गर्नका लागि सम्बन्धित निकाय तथा प्रदेश मन्त्रालयमा योजना मागको सिफारिस पठाउने निर्णय गरियो ।

तपसिल

१. पिप्ले खानेपानी तथा सरसफाइ योजना
२. स्वास्थ्य सेवा केन्द्र रासी-७ अधुरो भवन निर्माण तथा मर्मत संभार
३. स्वास्थ्य सेवा केन्द्र रासी-८ कम्पाउण्ड वाल निर्माण

बैठक संख्या : १२ मिति : २०७९।१०।०६

निर्णय नं. १०

रासी नगरपालिकाको नगर स्तरिय विपद् व्यवस्थापन समितिको बैठकले मिति २०७९।१०।०४ गतेको बैठकले पेश गरेको राहत प्रदान गर्ने सम्बन्धि मापदण्ड पारित गर्ने निर्णय गरियो ।साथै NDRC नेपाल र रासी नगरपालिकाको संयुक्त सहकार्यमा तयार भएको स्थानीय विपद व्यवस्थापन तथा जलवायु उत्थानशिल योजना र विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना अनुमोदन गरी सहकार्य गर्ने निकाय NDRC नेपाललाई धन्यवाद ज्ञापन गर्ने निर्णय गरियो ।

निर्णय नं. ११

रासी नगरपालिका वडा नं. ९ मा रहेको दुधकोशी र च्यात्रा खोला एवं वडा नं. ११ र १२ भई बग्ने लोथर खोला कोराकटार दोभान खण्ड क र खण्ड ख को प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन पारित गर्ने निर्णय गरियो ।

निर्णय नं. १२

रासी नगरपालिका भित्र रहेका जन्म देखि १५ महिना सम्मका बालबालिकाहरुलाई पूर्ण खोप प्रदान गर्ने र १६-२३ महिना सम्मका बालबालिकाहरुले पूर्ण खोप लगाएका छन् छैनन् भनि प्रत्येक वर्षको माघ, फागुन र चैत्र महिना खोज र खोप अभियान सञ्चालन गरि बैशाख महिनामा पूर्ण खोप दिगोपना सुनिश्चितता भएको घोषणा गर्ने निर्णय गरियो ।

निर्णय नं. १३

रासी नगरपालिकाको स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कनको नतिजा र वित्तिय जोखिम मूल्याङ्कनको नतिजा मिति २०७९।१०।०७ गते सार्वजनिक गर्ने निर्णय गरियो ।